माडी गाउँपालिकाको सम्मानित १९ औं गाउँसभा २०८३/०३/१० गते गाउँपालिकाका आर्थिक विकास समितिका संयोजक श्री खड्क बहादुर पुनज्यूले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य




## माडी गाउँपालिका
## घर्तिगाउँ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल।

सभाध्यक्ष एवं गाउँपालिका अध्यक्षज्यू,
गाउँसभाका सम्माननीय सदस्यज्यूहरू,
प्रमुख प्रशासकीय अधिकृतज्यू,
राष्ट्रसेवक कर्मचारी मित्रहरू,
सञ्चारकर्मी, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरू,

यहाँहरू सबैप्रति हार्दिक अभिवादन तथा उच्च सम्मान व्यक्त गर्दछु।

१. माडी गाउँपालिकाको गरिमामय **१९औं गाउँसभा अधिवेशन** मा गाउँपालिका उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको अनुमतिमा **आर्थिक विकास समितिका संयोजक** सभाध्यक्षज्यूको अनुमतिमा, आगामी आर्थिक वर्ष **२०८३/०८४** को वार्षिक बजेट प्रस्तुत गर्न पाउँदा गौरव र जिम्मेवारी बोधको अनुभूति गरेको छु।

२. राष्ट्रको सार्वभौमसत्ता, लोकतान्त्रिक शासन व्यवस्था, सामाजिक न्याय तथा जनअधिकारको स्थापनाका लागि विभिन्न कालखण्डका राजनीतिक आन्दोलन सशस्त्र जनयुद्धमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

४. **"कृषि, पशुपन्छी, जडीबुटी र दिगो पूर्वाधार : समृद्ध माडीको आधार"** भन्ने दीर्घकालिन सोचलाई आत्मसात गर्दै कृषि तथा पशुपन्छी क्षेत्रको आधुनिकीकरण, जडीबुटीको संरक्षण र व्यावसायीकरण, गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, सुरक्षित खानेपानी, दिगो तथा उत्थानशील पूर्वाधार निर्माण, स्थानीय रोजगारी प्रवर्द्धन तथा प्रभावकारी सार्वजनिक सेवा प्रवाहमार्फत सुशासनको प्रत्याभूति गराउने दिशामा गाउँपालिका दृढतापूर्वक अग्रसर रहेको जानकारी गराउन चाहन्छु।

५. बजेट तर्जुमाको क्रममा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, सङ्घीय तथा प्रदेश सरकारका आवधिक योजना, दिगो विकासका लक्ष्यहरू, सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, गाउँपालिकाको नीति तथा कार्यक्रम, उपलब्ध स्रोत तथा साधन, स्थानीय आवश्यकता तथा सम्भावनालाई आधारका रूपमा लिइएको छ। साथै, गाउँसभाका सम्माननीय सदस्यज्यूहरू, विभिन्न राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, सञ्चारकर्मी, विकास साझेदार संस्था, राष्ट्रसेवक कर्मचारी तथा माडी गाउँपालिकाका आदरणीय आमा—बुबा, दिदीबहिनी तथा दाजुभाइहरूबाट प्राप्त रचनात्मक सुझाव, सल्लाह र अपेक्षाहरूलाई समेत आत्मसात गरी यो बजेट तर्जुमा गरिएको छ।

**सभाध्यक्ष एवं सभाका सदस्य ज्यूहरु,**

६. चालु आर्थिक वर्ष २०८३ असार ७ गते सम्मको आम्दानी तथा खर्चको विवरण पेश गर्दछु । संघीय सरकारबाट विनियोजन भएको रु. ८ करोड ७ लाख समानीकरण अनुदानमध्ये रु. ७ करोड ३८ लाख १ सय ५० प्राप्त भएको छ। राजस्व बाँडफाँटतर्फ विनियोजित रु. ८ करोड ५९ लाख ५५ हजार ९ सय ६८ मध्ये रु. ७ करोड ३२ लाख ८१ हजार ४ सय ६ प्राप्त भएको छ। चालु तर्फको विशेष अनुदान रु. २ करोड ३० लाखमध्ये शतप्रतिशत रकम प्राप्त भएको छ । पूँजीगत विशेष अनुदान रु. ५० लाख प्राप्त भएको छ। समपुरक अनुदानतर्फ विनियोजित रु. १ करोड ४२ लाखमध्ये रु. १ करोड ६ लाख ५० हजार प्राप्त भएको छ। साथै, सशर्त अनुदानतर्फ विनियोजित रु. १७ करोड ७६ लाखमध्ये रु. १७ करोड ७१ लाख ८० हजार प्राप्त भएको छ।

७. लुम्बिनी प्रदेश सरकारतर्फ समानीकरण अनुदान वापत विनियोजित रु. ५२ लाख ८९ हजार प्राप्त भएको छ। त्यसैगरी, सशर्त पूँजीगत अनुदानतर्फ रु. ७० लाखमध्ये रु. ६७ लाख प्राप्त भएको छ। साथै, राजस्व बाँडफाँटतर्फ विनियोजित रु. ८० लाख ५० हजारमध्ये रु. ५५ लाख ४० हजार २ सय ४२ प्राप्त भएको छ।

८. गाउँपालिकाको चालु आर्थिक वर्षको कुल आन्तरिक राजस्व अनुमान रु. १ करोड ५७ लाख रहेकोमा रु. १७ लाख २४ हजार २ सय १ आन्तरिक आय संकलन भएको छ।

९. चालु खर्चतर्फ विनियोजित रु. ३३ करोड ८९ लाख ५१ हजारमध्ये रु. २२ करोड ६० लाख ८३ हजार खर्च भएको छ। पूँजीगत खर्चतर्फ विनियोजित रु. ९ करोड ३१ लाख २८ हजारमध्ये रु. १ करोड ७६ लाख ३७ हजार खर्च भएको छ।

**सभाध्यक्ष एवं गाउँसभाका सदस्य ज्यूहरु,**

अव म क्षेत्रगत रुपमा तय गरिएका प्रस्ताविक कार्यक्रम तथा विनियोजित भएको बजेट प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**पूर्वाधार विकास तर्फः**

१०. आर्थिक वर्ष ०८२।०८३ मा सञ्चालन भएका तर सम्पन्न हुन नसकेका महत्वपूर्ण तथा आन्तरिक स्रोतले धान्न सकिने योजनाहरूलाई आगामी वर्ष पनि निरन्तरता हुने गरी बजेट विनियोजन गरेको छु । साथै आन्तरिक स्रोतवाट सञ्चालन गर्न स्रोत अभाव भएका योजनाको अन्त्य गर्ने प्रस्ताव पेश गरेको छु ।

११. गाउपालिका क्षेत्रभित्रका प्राथमिकता प्राप्त ग्रामिण सडकहरूको स्तरोन्नति, नियमित मर्मत सम्भार तथा दिगोपना सुनिश्चित गर्दै वर्षभरि सहज सञ्चालन योग्य बनाउन आवश्यक बजेट व्यवस्था गरेको छु।

१२. गाउँपालिकाको समग्र पूर्वाधार विकासलाई प्राथमिकता दिँदै बौलाह खोला पुल निर्माण, नेपाल राष्ट्रिय माध्यमिक विद्यालय आरुवाको विद्यालय भवन निर्माण, कृष्ण मा.वि. घर्तीगाउँ छात्रावास निर्माण, रोल्पा बहुमुखी क्याम्पसको आवश्यक पूर्वाधार विकास , हिगाडाँडा खानेपानी योजना निर्माण लगायत सडक, खानेपानी, शिक्षा, सिंचाइ तथा सामुदायिक पूर्वाधार विकासका पालिका स्तरीय योजनाहरुका लागि रु. ३ करोड २० लाख बजेट विनियोजन गरेको छु ।

१३. प्रदेश सरकारको समपूरक कोष मार्फत गाउँपालिकाका मुख्य सडक, खानेपानी, सिंचाइ लगायतका महत्वपूर्ण पूर्वाधार योजनाहरूको निर्माण तथा स्तरोन्नतिका लागि आवश्यक बजेट सुनिश्चित गरिएको छ। यी योजनाहरूको प्रभावकारी कार्यान्वयन मार्फत स्थानीय नागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने विश्वास लिएको छु।

१४. विद्यालयहरूमा गुणस्तरीय शैक्षिक वातावरण निर्माण गर्न विद्यालय भवन निर्माण, प्रविधिमैत्री शिक्षा, बालमैत्री कक्षाकोठा निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।

१५. सबै नागरिकलाई सुरक्षित खानेपानी तथा सरसफाइ सेवामा पहुँच विस्तार गर्न एक घर एक धारा र कृषि उत्पादन वृद्धि गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ।

१६. वर्षायाममा सडक अवरुद्ध हुन सक्ने पहिरो तथा अन्य प्राकृतिक अवरोधहरूको तत्काल सफाइ गरी सडक सञ्चालन तथा आवागमनलाई नियमित र सहज बनाउन आवश्यक बजेट व्यवस्था गरिएको छ।

१७. समग्र भौतिक पूर्वाधार विकासतर्फ सडक, भवन, खानेपानी, सिंचाइ तथा अन्य पूर्वाधार कार्यक्रम सञ्चालनका लागि जम्मा रु. ५ करोड ९२ लाख बजेट विनियोजन गरेको छु।

**आर्थिक विकास तर्फः**

१८. माडी गाउँपालिकामा कृषि क्षेत्रको व्यवसायीकरण, उत्पादन वृद्धि तथा कृषकहरूको आयआर्जन र जीविकोपार्जनमा सुधार ल्याउन हेफर प्रोजेक्ट इन्टरनेशनल नेपाल, ग्रामीण विकास तथा चेतना समाज नेपाल तथा कृषक समूहहरूसँगको सहकार्यमा माडी कृषि आपूर्ति श्रृंखला विकास परियोजना कार्यान्वयन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

१९. "एक वडा एक उत्पादन" तथा "एक गाउँ एक उत्पादन" अवधारणालाई कार्यान्वयन गर्दै प्रत्येक वडाको सम्भावना अनुसार आलु, लसुन, टिमुर, सुन्तला तथा अन्य नगदे बालीका पकेट तथा क्लस्टर क्षेत्र विकास लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२०. राष्ट्रिय रोजगार कार्यक्रमअन्तर्गत स्थानीय नागरिकलाई रोजगारीका अवसर सिर्जना गर्दै श्रममूलक तथा उत्पादनमुखी आयोजना सञ्चालन गरिनेछ। साथै कृषि उत्पादन वृद्धि गर्न कृषि कार्यक्रम सञ्चालन,

मकै बीउ उत्पादनका लागि  बीउ खरिद तथा वितरण, व्यावसायिक आलु खेती प्रवर्द्धनका लागि मजबाङ आलु पकेट क्षेत्र विकास कार्यक्रम कार्यान्वयन लगायतमा बजेट विनियोजन गरेको छु ।

२१. स्थानीय उत्पादनलाई प्रतिस्पर्धी, व्यावसायिक तथा बजारमुखी बनाउन उत्पादन, प्रशोधन, ब्राण्डिङ तथा बजार पहुँच विस्तारका लागि आवश्यक बजेट विनियोजन गरेको छु। रोजगार सिर्जना तथा स्वरोजगार प्रवर्द्धनका लागि सीप विकास तालिम तथा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

२२. सुरक्षित, मर्यादित तथा व्यवस्थित आप्रवासन सुनिश्चित गर्न सुरक्षित आप्रवासन सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

२३. समग्रमा आर्थिक विकास क्षेत्रमा रु १ करोड ५० लाख  बजेट विनियोजन गरेको छु ।

**सामाजिक विकास तर्फः**

२४. शिक्षा क्षेत्रको गुणस्तर सुधार गर्न विद्यालय भवन निर्माण, प्रविधिमैत्री शिक्षा विस्तार तथा शिक्षक र विद्यालय व्यवस्थापनको क्षमता विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२५. शिक्षा क्षेत्रमा गुणस्तर अभिवृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्ने उद्देश्यले संघीय तथा प्रदेश सरकारबाट प्राप्त दरबन्दी अपुग रहेका विद्यालयहरूमा गाउँपालिका अनुदानमार्फत नियुक्त गरिएका शिक्षकहरूको सेवा निरन्तरताको व्यवस्था मिलाएको छु ।

२६. स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच सुनिश्चित गर्न आधारभूत स्वास्थ्य सेवा सुदृढीकरण, औषधि आपूर्ति तथा स्वास्थ्य संस्थाको क्षमता विकासका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

२७. बडा कार्यलयमा बालबालिकाको जन्मदर्तासँगै  सहकारीमा  बचत खाता खोलि गाउपालिकाको तर्फवाट रु ५०० बचत गरिदिने व्यवस्था गर्दै बालबालिकामा बचत संस्कार विकास गर्न 'उज्यालो बाल बचत कार्यक्रम प्रारम्भ गरिनेछ। प्रारम्भिक चरणका लागि यस कार्यक्रम अन्तर्गत रु. १,००,००० बजेट विनियोजन गरिएको छ।

२८. महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण, सशक्तिकरण र सामाजिक समावेशीकरणका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

२९. गाउँपालिकामा खेलकुद क्षेत्रको विकास, युवा प्रतिभाको पहिचान तथा प्रोत्साहनका लागि माडी खेलकुद विकास समितिसँग सहकार्य गरी विभिन्न खेलकुद गतिविधि सञ्चालन गर्न रु. ५ लाख बजेट विनियोजन गरेको छु ।

३०. सामाजिक न्याय, शिक्षा, स्वास्थ्य तथा लक्षित वर्गको संरक्षणलाई प्राथमिकता दिँदै गरिब तथा विपन्न बालबालिकाका लागि शैक्षिक सहयोग कार्यक्रम, विभिन्न आन्दोलनका शहीद, बेपत्ता तथा घाइते

परिवार सम्मान कार्यक्रम, सुरक्षित नागरिक अभियान अन्तर्गत फुसको छाना विस्थापन कार्यक्रम, गर्भवती तथा सुत्केरी, ज्येष्ठ नागरिक, शहीद परिवार, घाइते तथा अपाङ्गता भएका व्यक्तिका लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालनका लागि बजेट विनियोजन गरेको छु ।

३१. सामाजिक सचेतना, लैङ्गिक समानता, विपन्न तथा पछाडि परेका वर्गको उत्थानका लागि लक्षित कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

३२. समग्रमा सामाजिक विकास क्षेत्रमा रु १ करोड ७ लाख ८५ हजार बजेट विनियोजन गरेको छु ।

**वन वातावरण तथा विपद् व्यवस्थापन तर्फः**

३३. घर्तीगाउँ बजार क्षेत्रको सरसफाइ तथा फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय टोल विकास संस्था/समूहसँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न रु. ५ लाख बजेट विनियोजन गरेको छु।

३४. विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, उद्धार, राहत, पुनर्स्थापना तथा विपद् व्यवस्थापनसँग सम्बन्धित आवश्यक सामग्री खरिद एवं व्यवस्थापनका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

३५. सामुदायिक वनबाट काठ कटानी, संकलन तथा बिक्री वितरण गर्दा प्रचलित कानुनअनुसार वडा कार्यालयको सिफारिस र आवश्यक अनुमति लिएर मात्र गर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ।

३६. समग्रमा वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्रमा रु १ करोड ४० लाख विनियोजन गरेको छु ।

## सुशासन र अन्तर सम्बन्धित क्षेत्र

३७. सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण जस्ता उत्तरदायी र पारदर्शी शासन प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

३८. जनप्रतिनिधि तथा कर्मचारीहरूको संस्थागत क्षमता विकासका लागि तालिम, अभिमुखीकरण गोष्ठी सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

३९. विकास निर्माण कार्यलाई पारदर्शी, प्रभावकारी र व्यवस्थित बनाउन तथा उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

४०. गाउँपालिकाका गतिविधिको सूचना प्रवाह, जनचेतना अभिवृद्धि तथा स्थानीय सरोकारका विषयवस्तुको प्रकाशन तथा प्रसारणका लागि 'समृद्ध माडी रेडियो कार्यक्रम सञ्चालन गर्न रु. २ लाख बजेट विनियोजन गरेको छु ।

४१. करारमा ५ वर्षदेखि निरन्तर कार्यरत कर्मचारीहरूलाई सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गर्न आवश्यक व्यवस्था मिलाएको छु। साथै, करार सेवामा कार्यरत अन्य कर्मचारीहरूलाई समेत क्रमशः सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गर्दै लैजाने व्यवस्था मिलाइएको छ। पालिका अनुदानमा कार्यरत कर्मचारीको तलव भत्तालाई पोत्साहन स्वरुप सिमित प्रतिशत वृद्धि गरेको छु ।

४२. रु. १ लाख भन्दा बढीको खरिद प्रक्रियालाई पारदर्शिता, प्रतिस्पर्धा र प्रभावकारिता सुनिश्चित गर्न क्रमशः विद्युतीय खरिद प्रणालीमा आबद्ध गर्दै लैजाने व्यवस्था मिलाइएको छु।

४३. परीक्षणको रुपमा पूर्वाधार शाखामा कार्यसम्पादन सूचकका आधारमा सुविधा दिने प्रणाली लागू गर्न आवश्यक बजेट विनियोजन गरेको छु । समग्रमा शुसासन तथा अन्तरसम्बन्धित क्षेत्रमा क्षेत्रमा रु १२ लाख विनियोजन गरेको छु ।

**सभाध्यक्ष एवं सभा सदस्य ज्यूहरु,**

४४. आ.व.२०८२/०८३ को लागि आम्दानीका स्रोतहरुको संक्षिप्त विवरण निम्ननुसार रहेको छ ।

**माडी गाँउपालिकाको आ.व.२०८३।०८४ को आय प्रक्षेपण**

| **क स** | **आय शिर्षक** | **अनुमानित रकम रु** | **अक्षरमा** |
|---|---|---|---|
| १ | संघीय अनुदान समानीकरण | ८२४००००० | आठ करोड चौबिस लाख रुपैया मात्र |
| | संघीय अनुदान सशर्त | १७२९००००० | सत्र करोड उन्तीस लाख |
| | संघीय राजश्व बाँडफाड | ८९२३६००० | आँठ करोड बयानब्बे लाख छत्तिस हजार रुपैया मात्र |
| | संघीय विशेष अनुदान | १०००००००० | एक करोड रुपैयाँ मात्र । |
| | संघीय सम्पुरक अनुदान | २४००००० | चौबिस लाख रुपैयाँ मात्र । |
| | **जम्मा** | ३५६९३६००० | पैतिस करोड उनान्सत्तरी हजार छत्तीस हजार |
| २ | प्रदेश अनुदान वित्तीय समानीकरण | ५३८५००० | त्रिपन्न लाख पचासी हजार रुपैयाँ मात्र। |
| | प्रदेश अनुदान शसर्त | ७०००००० | सत्तरी लाख रुपैया मात्र । |
| | प्रदेश विशेष अनुदान | ० | शुन्य |
| | प्रदेश राजश्व बाँडफाड | ९२०३००० | बयानब्बे लाख तिन हजार रुपैयाँ मात्र । |
| | प्रदेश सम्पुरक अनुदान | ७५००००० | पचह्तर लाख रुपैयाँ मात्र । |
| | **जम्मा** | २९०८८००० | **दुई करोड नब्बे लाख अठासी हजार मात्र ।** |
| ३ | आन्तरिक राजश्व | ४०००००० | चालिस लाख मात्र । |
| | अल्या | ० | शुन्य |
| | जम्मा | ४०००००० | **चालिस लाख मात्र ।** |
| | कुल जम्मा | ३९००२४००० | **उन्चालिस करोड चौविस हजार मात्र** |

**माडी गाँउपालिकाको आ.व. २०८३।०८४ को व्यय अनुमान**

| क स | आय शिर्षक | अनुमानित रकम रु | अक्षरमा |
|---|---|---|---|
| १ | संघीय अनुदान सशर्त | **१७२९०००००** | सत्र करोड उन्तीस लाख |
| २ | संघीय विशेष अनुदान | **१०००००००** | एक करोड रुपैयाँ |
| ३ | संघीय सम्पुरक अनुदान | **२४०००००** | चौविस लाख रुपैयाँ |
| ४ | प्रदेश अनुदान शसर्त | ७०००००० | सत्तरी लाख रुपैया |
| ५ | प्रदेश सम्पुरक अनुदान | ७५००००० | पचहत्तर लाख रुपैयाँ |
| ६ | **आर्थिक विकास** | **१५०००००००** | **एक करोड पचास लाख** |
| ७ | **सामाजिक विकास** | **१०७८५०००** | **एक करोड सात लाख पचासी हजार** |
| ८ | **बन वातावरण तथा विपद व्यवस्थापन** | **१४००००००** | एक करोड चालिस लाख |
| ९ | पूर्वाधार विकास | **५९२०००००** | **पाच करोड बयानब्बे लाख** |
| १० | सुशासन तथा अन्तरसम्बन्धित | **१२०००००** | **बाह्र लाख** |
| ११ | कार्यालय सञ्चालन तथा प्रशासनिक | **९००३९०००** | **नौ करोड उन्नचालिस हजार** |
| १२ | कुल | **३९००२४०००** | **उन्नानचालिस करोड चौविस हजार** |

अव आ.व.२०८३/०८४ को विस्तृत शिर्षकगत बजेट बाँडफाडको विवरण अनुसूचीमा समावेश गरेको छु ।

४५. आर्थिक वर्ष २०८३/०८४ को कुल बजेट **३९,२४,००,०००/-** अक्षरुपी **उन्नानचालिस करोड चौविस हजार रुपैया मात्र** रहेको छ । जस मध्य चालु खर्च **१२,७४,३९,०००/- अक्षरुपी बाह्र करोड चौहत्तर लाख उनन्चालीस हजार मात्र** र पूजीगत तर्फ **७,०२,८५,०००/- अक्षरुपी सात करोड दुई लाख पचासी हजार मात्र** रहेको छ ।केही ससर्त/विशेष बजेटको वर्गिकरण भएको छैन ।

माथि उल्लिखित रकम सञ्चित कोषमार्फत खर्च हुने रकम हो। यसमा सामाजिक सुरक्षा भत्ता वापत अनुमानित रु. १० करोड समेत समावेश गर्दा आर्थिक वर्ष २०८३/८४ को कुल बजेटको आकार रु.४९करोड २४ हजार पुग्न जानेछ।

४६. यस बजेटमा समावेश नभएका तथा संघीय र प्रदेश सरकारबाट आर्थिक वर्षको दौरानमा प्राप्त हुने थप बजेट, कार्यक्रम तथा सशर्त अनुदानलाई प्रचलित कानुन बमोजिम स्वीकृत गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

४७. योजना, बजेट तथा कार्यक्रमसम्बन्धी विस्तृत विवरण अनुसूचीहरूमा उल्लेख गरिएको व्यहोरा यस गरिमामय गाउँसभा समक्ष जानकारी गराउँदछु।

**अन्त्यमा,**

प्रस्तुत बजेट तर्जुमा प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रूपमा अमूल्य सहयोग, सुझाव र मार्गदर्शन प्रदान गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरू, गाउँसभा सदस्यज्यूहरू, विषय विज्ञ महानुभावहरू, राजनीतिक दलका प्रतिनिधिहरू, सञ्चारकर्मी, नागरिक समाज, निजी क्षेत्र, विकास साझेदार संस्था तथा सम्पूर्ण माडीवासी दाजुभाइ तथा दिदीबहिनीहरूप्रति हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछु।

साथै, गाउँपालिकाको सेवा प्रवाह तथा विकास निर्माणका कार्यमा अहोरात्र खटिनुहुने राष्ट्रसेवक कर्मचारी मित्रहरूप्रति विशेष धन्यवाद व्यक्त गर्दछु। आय तथा क्षेत्रगत व्ययको विस्तृत विवरण समेटिएको रातो पुस्तिका शीघ्र सार्वजनिक गरिने व्यहोरा यस सम्मानित गाउँसभा समक्ष जानकारी गराउँदै प्रस्तुत बजेटमाथि रचनात्मक छलफल तथा समर्थनको अपेक्षा गर्दछु। धन्यवाद।

**मिति २०८३।०३।१०**

**जय माडी**

**धन्यवाद**

**श्री खर्क बहादुर पुन**

**संयोजक**

**आर्थिक विकास समिति**